का.जि.प्र.का.द.नं. १००/०५९/६०

**१५ वैशाख २०७९,**

**बिहीबार**

**28 April 2022,**

**Thursday**

**मूल्य रु. ५/-**

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ८२ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

## अराजनीतिक मतभेद

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १४ वैशाख ।

नेपाली राजनीतिमा पछिल्लो समय चर्चामा रहेका दुई पात्र हुन- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका महामन्त्री गगन थापा । यी दुबै नेतामा केही समानता छ । दुबै नेता प्रष्ट वक्ता हुन् ।

दुबै नेताको भाषण सुन्ने जमातहरु पनि ठूलै छ । दुबै नेता मासलाई भड्किन नदिने गरी भाषण गर्न खप्पिस छन् । साथसाथै यी दुई नेतामा अर्को पनि समानता छ, यथार्थता लुकाएर पनि मासमा प्रस्तुत हुन सक्छन ।

घोषणापत्र लेख्नेमध्येका एक महामन्त्री गगन थापाले मुलुकको पाँच बर्ष खेर गएको र त्यसको जिम्मेवारी केपी ओलीले लिनुपर्ने भनेर सार्वजनिक रुपमा पनि अभिव्यक्ति दिए ।

कांग्रेसको चुनावी घोषणापत्र र कांग्रेस नेताहरुको अभिव्यक्ति एमाले अध्यक्ष ओलीलाई मन परेन । ओली पनि के कम, कांग्रेसको चुनावी घोषणापत्रलाइ 'बकवास र पागलहरुको प्रलाप' संज्ञा दिए । ओलीको चोटिलो प्रहार गगन थापालाई मन परेन । उनले पनि ओलीको काउण्टरमा औपचारिक कार्यक्रम नै गरेर





पछिल्ला दिनमा यी दुई नेता चुनावी घोषणापत्रलाई लिएर मतभेदमा उत्रिएका छन् । चुनावी घोषणापत्रलाई लिएर बहस गर्नु लोकतन्त्रको सुन्दर पक्ष हो । यसकारण चुनावको मुखमा चुनावी घोषणापत्रलाई लिएर बहस गर्नु नागरिकलाई पनि बुझ्ने अवसर हुन सक्थ्यो यदि एजेण्डाकेन्द्रीत बहस हुन्थ्यो भने । तर, यी नेताले फेरि समानता देखाएका छन् अराजनीतिक मतभेदमा ।

नेपाली कांग्रेसले ३० वैशाखको चुनावका लागि चुनावी घोषणापत्र (संकल्प पत्र) सार्वजनिक गऱ्यो । जहाँ केपी ओली नेतृत्वको तत्कालिन सरकारले गरेका कामकारबाहीको पनि आलोचना गरिएको छ र कांग्रेसले ओली नेतृत्वको सरकार रहेको ३ बर्ष मुलुकले खेर फालेको टिप्पणी गरेको छ । कांग्रेसको चुनावी प्रतिरोध गरे । प्रतिरोध गर्दा गगन थापाले पनि ओलीकै शैली अपनाए । ओलीलाई उनकै निवास बालुवाटार गएर ट्युसन पढाउने अभिव्यक्ति दिए ।

झुटलाई च्यालेञ्ज गर्नेलाई विगतमा पनि ओलीले 'पागल' भन्ने गरेको बताए । पूर्व प्रधानन्यायाधीश सुशीला कार्की तथा डा. गोविन्द केसीलाई पनि ओलीले पागलको संज्ञा दिएको थापाले दाबी गरे ।

'उहाँको झुटलाई च्यालेञ्ज गर्नेलाई पागल भन्नुहुन्छ,' काठमाडौंमा भएको एक कार्यक्रममा थापाले भने, ' उहाँलाई आफ्नो प्रशंसाको एकालाप सुन्ने बानी भएको हो । एक पछि अर्को झुटको पर्दाफास गरेपछि उहाँले सहन सक्नुभएन ।'

राजनीतिक विश्लेषक विष्णु दाहाल नेताहरुमा अशिष्ठ अभद्र रुपमा अकोृ पक्षको हर्मत लिएर – बाँकी पृष्ठ २ मा



आउने ३० वैशाखमा हुने स्थानीय चुनावको सुरक्षार्थ खटिएका म्यादी प्रहरी बुधबार बन्दोबस्तीसहित मतदान केन्द्रतिर जाने तयारीमा । तस्वीरः रामबहादुर थापा, रासस

# कार्यकर्तालाई निर्देशनको भारी

### केन्द्रीय नेताहरु निर्देशन दिने, नमाने कारबाही गर्ने चेतावनी मात्रै दिइरहेका छैनन् मनाउन र थर्काउन पालिका स्तरमै पुगेका छन् ।

> 'भारी यति ठुलो भइसक्यो कि पाँच दलीय गठबन्धनका कार्यकर्ताले चलमलाउन पनि केन्द्रीय निर्देशन कुनुपर्ने जस्तो । यसले कार्यकर्ताको विवेकलाई मार्ने काम गरेको मेरो अनुभव छ ।'
>
> **विष्णु दाहाल**
> राजनीतिक विश्लेषक



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ वैशाख ।

स्थानीय तहको चुनावमा तालमेल गरेका पाँच दलीय गठबन्धनका कार्यकर्ताले नेतृत्व तहबाट एकपछि अर्को निर्देशन निरन्तर लिइरहेका छन् । ३० वैशाखको चुनावलाई लिएर नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका शीर्ष नेतृत्वले कार्यकर्तालाई दिएका निर्देशनको चाङ नै लागेको छ ।

उत्तिकै कार्यकर्ताले केन्द्रीय निर्देशनको उलंघन पनि गरेका छन् परिणाममा केन्द्रीय नेतृत्व कार्यकर्तामाथि एकपछि अर्को निर्देशनको भारी थपिरहेको छ । स्थानीय चुनावलाई केन्द्रीत गरेर पाँच दलका शीर्ष नेताहरुले कार्यकर्ताहरुलाई निर्देशन दिएको पहिलो दिन हो- १७ चैत २०७७ ।

उक्त दिन पाँच दलका शीर्ष नेताहरुले प्रधानमन्त्री निवास बालुवाटारबाट देशभर चुनावी तालमेल गर्ने संदेश दिँदै सोही अनुसार सहमतिका साथ चुनावी गतिविधि गर्न कार्यकर्ताहरुलाई निर्देश गरेका थिए । सो अनुसार कार्यकर्ताहरु चुनावी गतिविधिमा जुटे । तर, पुर्ण रुपमा केन्द्रीय निर्देशन पालना भएन । दलहरुले पार्टी गत रुपमा छलफल केन्द्रीत गरे । पार्टीगत रुपमा उम्मेदवार सिफारिस गर्न थाले ।

केन्द्रीय नेताहरुले पार्टीगत रुपमा उम्मेदवार सिफारिस गरिँदा चुनावी तालमेलको माहोल बिग्रन सक्ने आंकलन गरेर पार्टीगत उम्मेदवार सिफारिस नगर्ने केन्द्रीय नेताहरुले नीति लिएका थिए ।

तर, यो नीतिमा कांग्रेस, माओवादी केन्द्र र नेकपा – बाँकी पृष्ठ २ मा

## प्रतिबद्धतामै सीमित

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ वैश ाख ।

गत चैतमा निर्वाचन आयोगले राजनीतिक दललाई प्रमुख वा उपप्रमुख पदमा महिला उम्मेदवार उठाउन निर्देशन दिएपनि दलहरुले भने त्यसको वेवास्ता गरेका छन् ।

एक विज्ञप्ती मार्फत् आयोगले प्रमुख वा उपप्रमुख मध्ये एउटा पदमा महिला अनिवार्य गर्न निर्देशन दिएपनि दलहरुले धेरै स्थानमा दुवै पदमा पुरुष उम्मेद्वार बनाएर नियमको वेवास्ता गरेका हुन् । सत्ता गठबन्धनले देशभरका ११ मध्ये ८ उपमहानगरमा प्रमुख र उपप्रमुख दुवै पदमा पुरुष उम्मेदवार बनाएको छ । ६ मध्ये ३ महानगरमा मेयर उपमेयर दुवै पदमा पुरुषलाई उम्मेदवार बनाएको छ ।

आयोगले जारी गरेको निर्देशनमा भनिएको थियो, 'स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिने राजनीतिक दलले महिलाको मनोनयनको व्यवस्था गर्ने ।' तर, आयोगमा गएर दलहरुले सो निर्देशनको विरुद्धमा दबाव दिएपछि आयोग सो निर्णयबाट पछि हटेको हो । गत २९ चैतमा एक विज्ञप्ति निकाल्दै आयोगले एक मात्र उम्मेदवार उठाउने दलले अनिवार्य रूपमा महिला उठाउनु नपर्ने व्यवस्था गरेको जनाएको थियो ।

तर, महिलावादी नेतृ सीता ओझा भने राजनीतिक दलको उक्त प्रवृत्ति आलोचनायुक्त भएको बताउँछिन् । 'संविधानले नै ३३ प्रतिशत महिलाको अधिकार सुनिश्चित गर्दा समेत दलका नेताहरु महिललाई अघि बढाउँन चाहदैनन्, यो चिन्ताजनक विषय हो, यसको विरुद्ध सबैले विरोध गर्नु आवश्यक छ', नेतृ ओझाले भनिन् ।

उनी मात्रै होइन, महिलावादी अभियान्ता मोहना अन्सारी पनि दलहरुको उक्त निर्णय संवैधानिक अधिकारको विपरित भएको बताउँछिन् । 'न्यायालयले मौलिक हक उल्लंघनमा अंकुश लगाउने कामलाई रोक्न सक्नुपर्छ । महिलाको विषयमा सविधान संरक्षणको विषयमा कसैले दायित्व पूरा गरिदिएनन्', अन्सारीले भनिन् । हरेक क्षेत्रमा महिला सहभागिता सम्झौता गर्ने विषय नभएको उनको भनाई छ ।

> नेपालको संविधान २०७४ को धारा ३८ को (४) मा महिलाको हकसम्बन्धीको व्यवस्था गरेको छ । जसमा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशीसिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरिएको छ ।

हालै सम्पन्न भएको स्थानीय तहको मनोनयनबाट सत्ता गठबन्धनले ६ मध्ये २ महानगर, ११ मध्ये १ उपमहानगरको प्रमुखमा महिलालाई उम्मेदवार बनाएको छ । २७६ मध्ये ६ नगरपालिका र ४६० मध्ये ६ गाउँपालिका प्रमुखमा महिलाहरु प्रमुख पदको उम्मेदवार बनेका छन् । नेपालको संविधान २०७४ को धारा ३८ को (४) मा महिलाको हकसम्बन्धीको व्यवस्था गरेको छ । जसमा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरिएको छ ।

त्यत्ति मात्रै होइन स्थानीय तह निर्वाचन ऐन २०७३ को (४) उपदफा (१) बमोजिम मनोनयनपत्र पेस गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख मध्ये ५० प्रतिशत महिला उम्मेदवार रहनेगरी मनोनयनपत्र पेस गर्ने व्यवस्था मिलाउनुपर्नेछ भन्ने प्रावधान राखिएको छ । तर, राजनीतिक दलले सो व्यवस्था लत्याउँदै अधिकांश स्थानमा पुरुष उम्मेद्वार मात्रै खडा गरेका छन् ।

सत्तागठबन्धनले ललितपुरको प्रमुखमा कांग्रेसबाट चिरिबाबु महर्जन र उपप्रमुखमा माओवादी केन्द्रका बाबुराजा बज्राचार्य उम्मेदवार बनाएको छ । विराटनगरमा गठबन्धनबाट कांग्रेसका नागेश कोइराला प्रमुख र जसपाका अमरेन्द्र यादव उपप्रमुख उम्मेदवार बनेका छन्। वीरगन्जमा गठबन्धनबाट राजेशमान सिंह प्रमुख र इम्तियाज आलम उपप्रमुख उम्मेदवार छन् ।

एमालेले वीरगन्जमै लोसपासँग तालमेल गरेको छ । एमालेका विजय सरावगीले प्रमुख र लोसपाका – बाँकी पृष्ठ २ मा

### शैक्षिक कन्सल्ट्यान्सीबाट ठगी व्यापक भएको विभागको निष्कर्ष

# ठगी धन्धा रोक्न यथाशीघ्र अनुगमनको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ वैशाख

वैदेशिक रोजगार विभागले आकर्षक वैदेशिक रोजगारीको नाममा शैक्षिक कन्सल्ट्यान्सीबाट ठगीको धन्धा व्यापकरूपमा बढेको बताएको छ। राजधानीमा सञ्चालित दर्जनौं शैक्षिक कन्सल्ट्यान्सीलाई प्रहरीले पटकपटक कारबाही चलाउँदै आएको भएपनि कन्सल्ट्यान्सीबाट वैदेशिक रोजगारको नाममा ठग्ने धन्धा नरोकिएपछि विभागले शैक्षिक कन्सल्ट्यान्सीहरू माथि अनुगमनको माग गरेको हो ।

वैदेशिक रोजगारीका लागि जापान, युरोपेली मुलुक, अमेरिका र क्यानडा पठाइदिने भन्दै तेस्रो व्यक्ति खडा गरेर लाखौं रुपैयाँ ठगी गरिएको उजुरी आएको विभागले बताएको छ । ठगीको उजुरी आउने तर शैक्षिक कन्सल्ट्यान्सीका मुख्य व्यक्ति फरार भई उनीहरूका कर्मचारी मात्र पक्राउ पर्ने गरेको विभागले बताएको छ ।

वैदेशिक रोजगारीको आकर्षक सपना देखाएर रकम उठाउने र त्यसपछि सम्पर्कविहीन भई ठग्ने गरिएको भन्दै विभागले शैक्षिक कन्सल्ट्यान्सीहरूको अनुगमनको जिम्मेवारी पाएका सरकारी निकायहरूबाट अनुगमन र कारबाही नहुँदा ठगी संस्थागत भएकोले तिव्रतासाथ अनुगमन र कारबाही गर्न पनि आग्रह गरेको छ ।

शैक्षिक कन्सल्ट्यान्सीहरू शिक्षा मन्त्रालय अन्तर्गत दर्ता हुने गरेका छन् । जनशक्तिको अभाव देखाउँदै अनुगमन नहुँदा उनीहरूले वैदेशिक रोजगारमा कामदार पठाएर अलपत्र पार्ने गरेको गुनासो व्यापकरूपमा बढेको छ ।

हाल विभागले केही शैक्षिक कन्सल्ट्यान्सीका कर्मचारी पक्राउ परी अनुसन्धान गरिरहेको छ । विदेश पठाउने नाममा शैक्षिक कन्सुल्ट्यान्सीहरू रकममात्र ठगी गर्ने नभई पीडितहरूको जीवन नै भताभुंग पारिदिएको घटना पनि देखिएको प्रहरीको भनाइ छ । विभागले वैदेशिक रोजगारीमा जानुपूर्व वैदेशिक रोजगार ऐनमा भएको व्यवस्था अनुसार श्रम स्वीकृति लिनुपर्ने अनिवार्य गरिएको भन्दै बिना श्रम स्वीकृति वैदेशिक रोजगारीका लागि विदेश नजान पनि सचेत गराएको छ ।

विभागले बिना अनुमति वैदेशिक रोजगारीमा पठाउनेलाई वैदेशिक रोजगार ऐन २०६४ का प्रावधान अनुसार कडाइका साथ कारबाही गर्ने चेतावनी पनि दिएको छ ।

**वैदेशिक रोजगार विशेष**

## एसोसिएसनको नवनिर्वाचित कार्यसमितिद्वारा पदवहाली

**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको नवनिर्वाचित कार्यसमितिले पदवहाली गरेको छ । गत वैशाख ७ गते सम्पन भएको निर्वाचनसहितको ११औं साधारणसभा पश्चातको निर्वाचनबाट कुमुद खनालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको थियो ।

एसोसिएसन नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा क्रियाशील रहेको छ । एक संक्षिप्त कार्यक्रमबीच एसोसिएसनका निवर्तमान अध्यक्ष नरेन्द्र प्रसाद ढकाल र निवर्तमान प्रथम उपाध्यक्ष तारानाथ अर्यालले नवनिर्वाचित – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१५ वैशाख २०७९, बिहीबार
28 April 2022, Thursday

# जेठदेखि हप्तामा दुई दिन सार्वजनिक बिदा

**काठमाडौं/मस–** सरकारले आगामी जेठ १ गतेदेखि हप्तामा दुई दिन सावर्जनिक बिदा दिने निर्णय गरेको छ।

हाललाई परीक्षणका रुपमा लागू हुने गरी शनिबार र आइतबार हप्तामा दुई दिन सरकारले सार्वजनिक बिदा दिने निर्णय गरेको हो।

यही वैशाख १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको सञ्चार, सूचना तथा प्रविधिमन्त्री तथा सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले बुधबार जानकारी दिए। उनले बिहान ९:३० देखि साँझ ५:३० बजेसम्म कार्यालय समय कायम गर्ने र हप्तामा दुई दिन बिदा दिने निर्णय भएको जानकारी दिए।




यस्तै सरकारले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा सशस्त्र प्रहरी नायब महानिरीक्षक राजु अर्याललाई बढुवा गर्ने निर्णय गरेको छ। त्यसैगरी सरकारले भारतको नयाँ दिल्लीमा आयोजना हुने 'रेजिना डाइलग,२०२२' विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेललाई सहभागि हुन स्वीकृति दिने भएको छ। सरकारका प्रवक्ता कार्कीले खानेपाली क्षेत्रको सुशासन र पूर्वाधार सहयोग आयोजनाको लागि विश्व बैंकबाट प्राप्त हुने ८० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋणसम्बन्धी दस्तावेजलाई अन्तिम रुप दिन अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने बताए।

सरकारले आर्थिक वर्ष २०७८/७९ का लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु तीस हजार १६५ निर्धारण गर्ने, कम आवश्यक, विलासीजन्य र स्वास्थ्यमा नकारात्मक असर पार्ने विभिन्न दसवटा वस्तुहरुको पैठारीमा पूर्ण बन्देज लगाउने र सिन्धुलाल्चोक जिल्ला साबिक तातोपानी गाविसअन्तर्गत पर्ने नौ रोपनी सरकारी जग्गा भोटेकोसी गाउँपालिकालाई लिजमा उपलब्ध गराउन स्वीकृति दिनेसमेत निर्णय गरेको छ।

प्रवक्ता कार्कीले भने, 'सरकारले बङ्गलादेशमा 'बेरिन्ड मल्टिप्रपोज डेभलभमेन्ट' बाट सिँचाइ व्यवस्थापनका मोडालिटी सम्बन्धमा अवलोकन तथा अध्ययन भ्रमणमा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्ले बारा जिल्ला साबिक प्रसौनी गाविस-५ स्थित सरकारका नाममा दर्ता कायम रहेको ५-०-१२ बिघा जग्गा प्रसौनी पोलिटेक्निक इन्स्टिच्युट बारालाई लिजमा उपलब्ध गराउन र उत्तर दक्षिण मूलघाट दोभान ओलाङचुङगोला सडक निर्माणका लागि ताप्लेजुङ जिल्लामा रहेको राष्ट्रिय वन प्रयोग गर्न स्वीकृत प्रदान गर्ने निर्णय पनि गरेको छ। त्यसैगरी मध्यमोदी जलविद्युत आयोजनाको प्रसारणलाईनको लागि मोदी गाउँपालिका वडा नं २ देउपुरदेखि मोदी गाउँपालिका वडा नं. ३ कोरुङगासम्मको एक दशमलव ९७२ ९ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद्को निर्णय छ। प्रवक्ता कार्कीले दक्षिण कोरियाको सिओलमा हुने प्रन्धौं 'वल्ड फरेष्ट्री कङ्ग्रेस' सम्बन्धी कार्यक्रममा सहभागि हुन वन तथा वातावरण मन्त्रालयका सचिव डा. पेमनारायण कँडेललाई स्वीकृति दिने निर्णय भएको जानकारी दिए।

सरकारले 'द एजुकेशन वर्ल्ड फोरम' ले बेलायतको लन्डनमा आयोजना गर्ने 'एजुकेशन वर्ल्ड फोरम, २०२२' मा सहभागी हुन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको नेतृत्वको प्रतिनिधिमण्डललाई मित्रराष्ट्र मलेसियाको भ्रमण गर्न र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक पितकुमार श्रेष्ठको राजीनामा स्वीकृत गर्ने निर्णय पनि गरेको छ।

'श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डललाई मलेसियाको भ्रमण गर्न स्वीकृति दिने, नर्वेमा आयोजना हुने मेन्टल हेल्थसम्बन्धी एनुअल प्रोजेक्ट मिटिङमा सहभागी हुन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा.रोशन पोखरेललाई स्वीकृति दिने निर्णय गरिएको छ,' प्रवक्ता कार्कीले भने। मन्त्रिपरिषद्ले साबिक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीको सेवानिवृत्त सुविधाको जिल्ला समन्वय समितिमा रहेको साबिकको कल्याणकारी कोषबाट भुक्तानी गर्ने, राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र र संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने र फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार विकास समिति आदेश (गठन), २०७८ पनि स्वीकृत गर्ने निर्णय गरेको छ।

# निर्वाचनमा भयरहित वातावरण सिर्जना गर्न प्रहरीलाई निर्देशन

**काठमाडौं/मस–** प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले प्रहरी कर्मचारीले संगठनको हितका लागि विधिसम्मतरूपले इमान्दारी, निष्ठा र पूर्ण व्यावसायिकता निभाउनुपर्नेमा जोड दिएका छन्।

प्रहरी प्रधान कार्यालयबाट बुधबार भर्चुअलरूपमा भिडियो कन्फरेन्समार्फत् उनले एकै चरणमा हुन लागेको स्थानीय तह निर्वाचनलाई शान्तिपूर्वक एवं निष्पक्षरूपमा सम्पन्न गराउन पूर्ण सजगताका साथ भूमिका निर्वाह गर्न निर्देशन दिए।

उक्त कार्यक्रममा प्रदेश प्रहरी कार्यालयका प्रमुख, संघीय प्रहरी एकाइ कार्यालयका प्रमुख, जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा



ट्राफिक प्रहरी कार्यालयका प्रमुखको सहभागिता थियो। प्रदेश प्रहरी कार्यालयले एकआपसमा समन्वय गर्दै आवश्यक योजना बनाई काम गर्नुपर्नेमा जोड दिँदै उनले आफ्नो कार्यकालमा सङ्गठनको हित तथा सुधारका लागि निर्वाह गरेको भूमिकाप्रति आभार प्रकट गरे।

सङ्गठनको प्रणाली, कार्यविधि, नीतिलगायत सङ्गठनको सुधारका निम्ति तयार गरिएको कार्ययोजना एवं मापदण्ड लागू गर्न सबै प्रहरी कर्मचारीको भूमिका रहने उल्लेख गर्दै उनले आगामी दिनमा समेत स्वअनुशासन र चरित्र अङ्गीकार गर्दै थप क्रियाशील रहन आग्रह गरे।

# मोटरसाइकल चोरी गर्ने पक्राउ

काठमाडौं/मस-प्रहरीले मोटरसाइकल चोरीको आरोपमा एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मकवानपुर इन्द्रसरोवर गाउँपालिका-५ घर भई हाल काठमाडौंको तारकेश्वर नगरपालिका-५ लोलाङमा बस्ने २६ वर्षीय सुदास लामा रहेका छन्।

उनलाई काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट खटिएको ट्राफिक प्रहरीको टोलीले पक्राउ गरेको हो। ललितपुरको गोदावरी नगरपालिका-८ डुकुछापबाट



हराएको मोटरसाइकल चोरीमा संलग्न लामालाई काठमाडौंको तारकेश्वरबाट पक्राउ गरिएको प्रहरी वरिष्ठ उपरीक्षक उमेशराज जोशीले जानकारी दिए।

मोटरसाइकल हराएपछि गोदावरी नगरपालिका-८ डुकुछापका नवराज घिमिरेले ट्राफिक कार्यालयमा उजुरी दिएका थिए। पक्राउ परेका लामाविरुद्ध चोरी मुद्दामा आवश्यक अनुसन्धान एवं कारबाहीका लागि महानगरीय प्रहरी परिसर ललितपुर पठाइएको प्रहरीले जनाएको छ।

# परीक्षामा भीडभाड नगर्न गृह मन्त्रालयको ध्यानाकर्षण

**काठमाडौं/मस–**गृह मन्त्रालयले विश्वविद्यालय तथा विद्यालयको लिने हरेक किसिमका परीक्षामा बाह्य मान्छेको भीडभाड बढेको भन्दै ध्यानाकर्षण गरेको छ।


मन्त्रालयका प्रवक्ता




फणीन्द्रमणि पोखरेलले एक विज्ञप्ति जारी गरी विभिन्न विश्वविद्यालय तथा विद्यालय तहका वार्षिक वा अन्य परीक्षामा परीक्षार्थीलाई उत्तरपुस्तिका वितरण गर्नुपूर्व वा परीक्षा अवधिभर कार्यलय प्रयोजनको लागि बाहेक अन्य कुनै पनि प्रकारको तस्बिर वा भिडियो नलिन आग्रह गरेका हुन्।

उनले परीक्षामा तोकिएका निरीक्षकबाहेक अनुगमनका नाममा ठूलो संख्यामा बाह्य व्यक्ति एकैपटक वा पटक-पटक परीक्षा हलमा प्रवेश गरी परीक्षाको वातावरण अस्वस्थ बनाउने गरेको पाइएकाले त्यस्ता कार्य नगर्न नगराउन सम्बन्धित सबैमा जानकारी गराए।

# चितुवाको छालासहित ३ जना पक्राउ



**सुर्खेत/मस–** जिल्ला प्रहरी कार्यालय सुर्खेतले चितुवाको छालासहित ३ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जुम्लाको सिंजा गाउँपालिका-८ घर भइ हाल वीरेन्द्रनगर-१२ बस्दै आएका ४० वर्षीया दलबहादुर बुढा, वडा नं. १४ बस्ने ४१ बर्षीया भरतबहादुर बुढा र २३ वर्षीया अमरबहादुर थापा रहेका छन्।

उनीहरुलाई बुधबार बिहान वीरेन्द्रनगरको बसपार्कस्थित एक होटलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार शंकास्पद अवस्थामा फेला परेका उनीहरुको शरीर र होटलको कोठामा खानतलासी गर्दा टाउकोदेखि पुच्छरसम्म ९ फिट लम्बाई भएको चितुवाको छाला फेला परेको थियो।

# कुटपिटबाट युवकको मृत्युपछि पूर्व-पश्चिम राजमार्गमा बन्द

**सप्तरी/मस–** सप्तरीको खडक नगरपालिकामा कुटपिटबाट एक युवकको मृत्यु भएको छ। विवाहमा जन्तीसँगै ल्याएइको डिजे बाजा बजाउने विषयलाई लिएर भएको विवादपछि कुटपिटमा परी खडक नगरपालिका-४ पंसेराका २५ वर्षीय सन्तलाल पासवानको बुधबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको हो।

सन्तलालका छिमेकी रामचन्द्र पासवानकी छोरीको विवाहमा दुई दिन अगाडि राति जन्ती आएको थियो। डिजे बाजासहित आएको जन्तीलाई विवाहस्थल पुग्नुअगाडि आफूहरुलाई डिजे बाजामा नाच्न दिनुपर्यो भन्दै गाउँका केही गैर दलित युवाले केही समय जन्तीलाई रोकेका थिए। वैवाहिक कार्यक्रममा ढिलाइ भएपछि सन्तलालका बाबुआमासहित बेहुली पक्षकाले जन्ती टोलीलाई विवाहस्थलतर्फ जान आग्रह गरेका थिए।

जन्तीलाई रोक्न रोजेपछि विवाद बढेको स्थानीयवासीको भनाइ छ। सो क्रममा नाच्न पुगेका युवाले बेहुली पक्षकालाई गालीगलौच सुरु गरेपछि सन्तलाल समेतले युवालाई विवाद नगर्न भनि सम्झाइबुझाइ गर्न खोजिरहेको बेला युवाको समूहले सन्तलाललाई नियन्त्रणमा लिएर टाउकोमा इँटाले निर्घात कुटेको उनको बुबा रामअषिश पासवानले बताए।



बिहेकै दिन सोमबार आफ्ना छिमेकी महादेव दास ९तत्मा०ले वडाध्यक्ष पदका लागि स्वतन्त्र उम्मेदवारी दर्ता गराएको विषयलाई समेत लिएर गैर दलित युवाले आफ्नो छोरामाथि आक्रोश पोखेको हुनसक्ने उनको आरोप छ।

विवेक चौधरी, दिलीप चौधरी, सुशान्त चौधरी, नरसिंह चौधरी, गोविन्द चौधरी, दिनेश चौधरीलगायतले छोरालाई कुटेको उनको बुबाको भनाइ छ। पासवानको विराटनगरमा उपचारको क्रममा मृत्यु भएको प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए। कुटपिटको घटनापछि पीडित पक्षबाट आएको ठाडो उजुरीका आधारमा एक जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। घटनाका बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिए।

यसैबीच उपचारको क्रममा सन्तलालको मृत्यु भएपछि आक्रोशित गाउँलेहरुले बुधबार पूर्व-पश्चिम राजमार्गअन्तर्गत अमहा चौकमा तीन घण्टा चक्काजाम गरेका छन्।

## अराजनीतिक...

राजनीतिक हाइट लिने प्रवृति नेपालमा रहेको बताउँछन।
'आफु बलियो सावित हुन अरुलाई कमजोर देखाएर फाइदा लिने प्रवृति छ' उनी भन्छन्। सकारात्मक कुरालाई नकारात्मक बुझ्नु र नकारात्मक कुरालाई सकारात्मक बुझ्नु दृष्टि दोष भएको उनको बुझाई छ।

'गगन थापाले केपीका राम्रा कुरालाई नराम्रै र गगनका राम्रा कुरालाई केपीले नराम्रै दख्नु दृष्टि दोष हो' उनी भन्छन्, 'एकले अर्कालाइ नंग्याउने र खुल्याउने प्रवृति मैलाएर गयो।'

गगन थापा र केपी ओली फरक फरक पुस्ताका नेता हुन्। ओली पछिको पुस्ताको नेताका रुपमा थापा उदाएका छन्। तर, पुराना पुस्ताको गलत कुरा छोड्नुपर्नेमा नयाँ पुस्ताको नेता थापा पनि उही शैलीमा प्रस्तुत हुनु बिडम्बनापुर्ण रहेको विश्लेषहरुको टिप्पणी छ।

विष्लेशक दाहाल भन्छन्, 'केपीले हावाका गफ गरेका रहेछन भने गगनले मौन रहेर राम्रा कुरा गरेर जनमत बटुल्न सक्थे। तर, ओलीकै शैलीमा काउण्टर दिँदा गगनकै इमेजलाई राम्रो गरिरहेको छैन्।'

## कार्यकर्तालाई ...

एकीकृत समाजववादीकै कतिपय केन्द्रीय नेताहरुले विरोध गरे। पार्टीभित्र नै दाबी नगरी गठबन्धनमा कसरी दाबी गर्ने ? भन्ने एकहोरो प्रश्नका कारण शीर्ष नेताहरु गले। तर, पनि केन्द्रीय नेताहरुले कार्यकर्तालाई निर्देश गर्न छाडेनन्।

पार्टीगत संरचनाबाट पार्टीको सिफारिस भएका उम्मेदवारहरुले गठबन्धनबाट टिकट लिनका दवाव सुरु गरे। केन्द्रले मिलेर सहमतिमा उम्मेदवार चयन गर्न गठबन्धनका कार्यकर्ताहरुलाई निर्देश गर्‍यो।

गठबन्धनको संरचना पनि बन्यो। गठबन्धनको संरचनाले गृहकार्य गर्‍यो तर, दलहरुको दाबी र पार्टीबाट सिफारिसमा परेका उम्मेदवारहरुको हठका कारण देशभर चुनावी माहोल नबन्ने वातावरण बनेपछि केन्द्रीय नेताहरुले तालमेल गर्न फेरि निर्देश जारी गरे। एक्लै चुनाव लड्नुपरे केन्द्रको निर्देशन लिनुपर्ने भनी कार्यकर्तालाई दबाब दिइयो।

निर्देशनमाथि निर्देशन दिँदा पनि अटेर भएर कार्यकर्ताबाट उम्मेदवारी दर्ता भएपछि केन्द्रीय नेतृत्व उम्मेदवारी फिर्ता गराउने निर्देशनमा लागेको छ। बुधबार प्रधानमन्त्री निवास वालुवाटारमै बसेर सत्ता गठबन्धनका पाँच दलका शीर्ष नेताले बागी उम्मेदवारी फिर्ता गर्न निर्देशन जारी गरेका छन्।

थानीय तह निर्वाचनमा गठबन्धनको निर्णयविपरीत दर्ता भएका उम्मेदवारी फिर्ता लिने र एमालेसँग भएको तालमेल खारेज गर्ने निर्णय र कार्यकर्तालाई केन्द्रीय निर्देशन छ।

शीर्ष नेताहरुले गठबन्धनको सहमति विपरीत दर्ता भएको बागी उम्मेदवारी फिर्ता लिन तल्ला समितिहरुलाई निर्देश नै जारी गरेको छ। यो पनि मनोनयन फिर्ता लिने दिनको अघिल्लो दिन जारी गरिएको निर्देशन हो। अझै कार्यकर्ताले अटेर गरेर उम्मेदवारी फिर्ता नलिए कारबाही गर्ने शीर्ष नेताहरुको चेतावनी छ।

बागी उम्मेदवार दिनेहरुका कांग्रेसका कार्यकर्ता बढी रहेको अनुमान छ। कांग्रेस नेताहरुका अनुसार दुई सय भन्दा बढी कांग्रेसका बागी उम्मेदवार देशभर छन् भने माओवादी केन्द्रको पनि देशभर गरेर केही बागी उम्मेदवार रहेको बताइन्छ। माओवादी केन्द्रको आधा दर्जन जति पालिका समेत गरी २० वरिपरी बागी उयमेदवार रहेको नेताहरु बताउँछन्।

केन्द्रीय नेताहरु बागी उम्मेद्वारी फिर्ता लिन निर्देशन दिने, नमाने कारबाही गर्ने चेतावनी मात्रै दिइरहेका छैनन् मनाउन र थर्काउन पालिका स्तरमै धाउन समेत थालेका छन्। गृहमन्त्री बालकृष्ण खाँण बागी उम्मेदवारको मनोनयन फिर्ता गराउन चितवनको भरतपुर पुगेको सार्वजनिक भएकै छ।

माओवादी केन्द्रको भागमा भरतपुरको मेयर उम्मेदवार परेको छ। तर, असन्तुष्ट कांग्रेसका कार्यकर्ताले बागी उम्मेदवारी दिएका छन्। असन्तुष्ट पक्षबाट पूर्वसांसद समेत रहेका जगन्नाथ पौडलले मेयरमा दिएको बागी उम्मेदवारी फिर्ता नलिने अडान लिइरहेका छन्। उनै पौडललाई फकाउन/मनाउन वा धर्काउन गृहमन्त्री खाँण भरतपुर पुगेका हुन्।

राजनीतिक विश्लेषक विष्णु दाहाल पाँच दलीय सत्तागठबन्धनका कार्यकर्तालाई गठबन्धनको भारी ठूलो भइसकेको बताउँछन्। उनी भन्छन्, 'भारी यति ठुलो भइसक्यो कि पाँच दलीय गठबन्धनका कार्यकर्ताले चलमलाउन पनि केन्द्रीय निर्देशन कुनुपर्ने जस्तो। यसले दलीय व्यवस्था र कार्यकर्ताको विवेकलाई मार्ने काम गरेको मेरो अनुभव छ।'

अर्का राजनीतिक विश्लेषक लोकराज बराल पनि गठबन्धनको संस्कृतिले कार्यकर्ताको क्षमताको सही मुल्याङ्कन हुन नसक्ने बताउँछन्। विश्लेषक बराल भन्छन् 'गठबन्धन गर्नुपर्ने दलहरुका आ-आफ्नै तर्क छन्। त्यसलाई पन्छाएर हेर्ने हो भने दलीय सिस्टममा दलहरुले स्वतन्त्र रुपमा चुनाव लडेर नै जनताबाट अनुमोदित भएर सासन सञ्चालको अभ्यास गर्नुपर्ने हो जो भइरहेको छैन्।'

## प्रतिबद्धतामै...

पुरुषोत्तम झाले उपप्रमुखमा झा को उम्मेदवारी रहेको छ। संविधान र कानूनी मापदण्ड मिचेर पुरुष उम्मेदवार मात्रै अघि सार्दा स्थानीय तहमा ३३ प्रतिशत महिला सहभागिता पनि नपुग्ने सम्भावना बढेको छ।

## एसोसिएसनको ....

कार्यसमितीलाई जिम्मेवारी हस्तान्तरण गरे।
नवनिर्वाचित कार्यसमितिको पहिलो बैठकले निर्वाचन सम्पन्न गराएकोमा निवर्तमान कार्यसमिति, निर्वाचन समिति, पार्टी प्रतिनिधिलगायतलाई धन्यवाद दिने निर्णय गर्दै निर्वाचित कार्यसमितिका बारेमा सम्बन्धित सरोकारवाला पक्षलाई जानकारी गराउने निर्णय गरिएको नवनिर्वाचित अध्यक्ष खनालले बताए।

# फरार अभियुक्त पक्राउ

**काठमाडौं/मस–** प्रहरीले उच्च अदालत पाटनबाट रु ११ लाख ६९ हजार जरिवाना ठहर भएका एकजनालाई पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) को टोलीले बैंकिङ कसुर मुद्दामा उच्च अदालत



पाटनको विस २०७८ फागुन २ ९ को फैसलाअनुसार दुई दिन कैद सजाया र विगोबमोजिम रु ११ लाख ६९ हजार जरिवना तोकेपछि फरार रहेका ओखलढुङ्गा सुनकोसी गाउँपालिका घर भई कपन बस्ने ३४ वर्षीय रामकुमार राईलाई मङ्गलबार पक्राउ गरी सार्वजनिक गरेको हो।

ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक श्यामकुमार महतोले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको जानीजानी बैंकिङ कसुरजन्य अपराध गरेकाले राईलाई मङ्गलबार टङ्गाल काठमाडौंबाट पक्राउ गरिएको जानकारी दिए।

पक्राउ राईले आफ्नो राष्ट्रिय वाणिज्य बैंक गौशाला शाखाको पैसा नभएको चेक दिएर बैंकिङ कसुरजन्य अपराध गरेका थिए। पक्राउ राईलाई फैसला कार्यान्वयनका लागि काठमाडौं जिल्ला अदालत पेश गरेको प्रवक्ता महतोले बताए।

# २२ जिल्लाका लागि ३४ लाख मतपत्र पठाइयो

**काठमाडौं/मस–** निर्वाचन आयोगले यही वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन-२०७९ का लागि हालसम्म छपाई भएका मतपत्र २२ जिल्लामा पठाएको छ।

भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको कार्यालयबाट ट्रकमा लोड भई वैशाख १३ र १४ गते नौ जिल्ला गरी २२ जिल्लामा ३४ लाख प्रति मतपत्र पठाइएको छ। बुधबार सुदूरपश्चिम प्रदेशका कञ्चनपुर, बझाङ, कैलाली, दार्चुला र डडेल्धुरा तथा प्रदेश नं १ को ताप्लेजुङ, पाँचथर र इलाममा मतपत्र पठाइएको हो। ती मतपत्र केही दिनभित्र सम्बन्धित पालिकामा पुग्नेछ। वैशाख १३ गते कर्णाली प्रदेशका १० जिल्ला र सुदूरपश्चिम प्रदेशका ३ गरी १३ जिल्लामा मतपत्र पठाइएको थियो।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०१/१५**

**रेनहार्ट ईङलिस मिडियम स्कुल प्रा.लि.** को मिति २०७९/०१/१० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ओमकार विद्याश्रम (प्रा. लि. नं.: ६९४०२)**, कायम गर्ने गरी मिति २०७९/०१/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# अपाङ्गता भएका व्यक्तिलाई राजनीति दलले वेवास्ता गरेको गुनासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ वैशाख



राज्यका रहेक संरचनामा अपाङ्गता भएका व्यक्तिको समान सहभागितालाई व्यवहारिक रुपमै कार्यान्वयन गर्नुपर्ने सरोकारवालाहरुले माग गरेका छन् ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले बुधबार काठमाडौंमा आयोजना गरेको ‘ अपाङ्गता सम्बन्धी तथ्यांक प्रोटोकलको अध्ययन प्रतिवेदनको तथ्य सार्वजनिकरण’ कार्यक्रममा अपाङ्गता अधिकारकर्मीहरुले स्थानीय तह, प्रदेश र संघलगायत नीति निर्माण तहमा अपाङ्गता भएका व्यक्तिको समान सहभागिता हुनुपर्ने गरिएको हो ।

कार्यक्रममा सहभागिहरुले राजनीतिक दल र दलका नेताहरुले आगामी ३० गते हुने स्थानीय तहको निर्वाचनमा उम्मेदवारीको लागि अपाङ्गता भएका व्यक्तिलाई टिकट नदिएको भन्दै गुनासो समेत गरेका थिए ।

महासंघका महासचिव राजु बस्नेतले २०७४ सालको स्थानीय तहको निर्वाचनमा देशैभरीबाट २७ जना अपाङ्गता भएका व्यक्ति उम्मेदवार भएपनि यस पटक पार्टीहरुले वेवास्ता गरेको भन्दै गुनासो गरे। २७ जना उम्मेदवारमध्ये २१ जना निर्वाचित भएको उनको भनाइ छ । तर निर्वाचन आयोगले निर्वाचनअधिकारकर्मी डा.विरेन्द्र राज पोखरेलले अपाङ्गता भएका व्यक्तिबारे संवैधानिक अधिकार कार्यान्वयनका लागि अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्यांक स्थापित हुनुपर्ने बताए ।

नेपालको संघीय, प्रादेशिक र स्थानीय तहमा रहेको तथ्याङ्कीय जीजन चक्रमा राष्ट्र निर्माण प्रक्रिया र विकास योजनाको एक हिस्साका रुपमा अपाङ्गता भएका व्यक्तिहरुको अभिलेख स्थापना गर्ने आवश्यकतालाई अवमूल्यन गरिएको उनको भनाइ छ। अपाङ्ता अधिकारकर्मीहरुले अपाङ्ता भएका व्यक्तिको लागि काम गर्न प्रदेश सरकार र स्थानीय तहको क्षमता विकास गर्नुपर्छ र कानुनमा भएका व्यवस्थाहरूलाइ हरेक मन्त्रालयले आफ्ना बार्षिक कार्यक्रम र नीतिहरूमा बजेट सहित समेट्नुपर्ने र हरेक पालिकामा अपाङ्गता भएका व्यक्ति सहि तथ्यांक राख्ने व्यवस्था र प्रणालीमा एकरूपता ल्याउनुपर्नमा समेत माग गर्दै आएका छन् ।

कार्यक्रममा अध्ययनकर्ता डा. विरेन्द्र राज पोखरेलले अपाङ्गता उत्तरदायी तथ्यांक संकलन अभ्यास, प्रक्रिया र प्रणालीको मूल्यांकनको विषयमा प्रस्तुतिकरण दिएका थिए । कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय समावेसी आयोगका सदस्य हरिभक्त जोशीले अपांगता भएका व्यक्तिहरु सम्बन्धि बनेका कानून कार्यान्वयन हुन नसकेको बताए ।

उनले भने, ‘अपांगता भएको व्यक्तिहरुको हक अधिकारका लागि संविधान, ऐन, कानून छ र कार्यान्वय नहुँदा समस्या भएको छ ।’

यस्तै विशेष अतिथि केन्द्रीय तथ्यांक विभागका निर्देशक ढुण्डिराज लामिछानेले नेपालको राष्ट्रिय जनगणना २०७८ को पूर्ण पाठमा अपाङ्गता भएका व्यक्तिहरुको पूर्ण तथ्यांक आउने बताए ।

संसद सचिवालयका प्रवक्ता डा. रोजनाथ पाण्डेले अपाङ्गताका भएका व्यक्तिका समस्यालाई संसदीय क्षेत्रमा पुर्‍याउने प्रतिवद्धता जनाए ।

महासंघका अध्यक्ष मित्रलाल शर्माले अझै पनि स्थानीय तह लगायतका सरकारका कतिपय संरचना अपांगमैत्री हुन नसकेको बताए । उनले निर्वाचन आयोगले निर्वाचन सम्बन्धी पूरानो ऐन संशोधन गर्न लागेको भन्दै संशोधनका क्रममा अपांगता भएका व्यक्तिहरुका मुद्दालाई पनि समेट्नुपर्ने बताए ।

उनले महासंघ अलमलिएको भन्ने गुनासो आउने गरेको भन्दै आफूहरु अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारका लागि दत्तचित्त भइ लागि परेको बताए ।

युनिसेफद्वारा प्रकाशित एक १२ वर्ष उमेरका कुल अपाङ्गता भएका बालबालिकामध्ये ३० प्रतिशत बालबालिकाहरू अझै विद्यालय भन्दा बाहिर छन्। सरकारी प्रतिवेदन अनुसार सरकारले संचालन गरेका ३५,९९३ बाल विकास केन्द्रहरूमा ९,७३,९०० बालबालिका सिकिरहेका छन तर यिनमा अपाङ्गता भएका बालबालिकाको संख्या भने ३,२७० मात्र छ । स्वास्थ्यको अवस्थालाइ हेर्दा अपाङ्गता भएका व्यक्तिहरूमध्ये ८१.४ प्रतिशतको स्वास्थ्य अवस्था अपाङ्गता नभएका व्यक्तिहरूको तुलनामा निकै जोखिमपूर्ण छ र उनीहरूमध्ये झण्डै ६१ प्रतिशत विभिन्न प्रकारका मानसिक स्वास्थ्य सम्बन्धी समस्याको शिकार हुन्छन् ।

# आचारसंहिता उल्लंघन गर्ने ३५ सञ्चार माध्यमलाई कारबाही




**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले आचारसंहिता उल्लंघन गर्ने ३५ वटा सञ्चार माध्यमलाई कारबाही गरेको छ । साथै दर्ता नभएका ४ वेबपोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने बनाइएको छ ।

अनुगमनका कममा चैत २६ गतेदेखि अहिलेसम्म कुल ३५ सञ्चार माध्यमबाट ३६ वटा आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण भएको काउन्सिलले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

काउन्सिलको विज्ञप्ति अनुसार आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्ने ४ वटा वेबपोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने गरी कारबाही गरिएको छ ।

यस्तै ६ वटा पत्रपत्रिका, ३ वटा रेडियो, ५ वटा टेलिभिजन र १४ वटा अनलाइन गरी २८ वटालाई निर्देशन दिइएको र २ अनलाइनबाट निर्देशनपश्चात् पनि प्रतिकूल सामग्री पुनःसम्प्रेषण भएको देखिएकोले सचेत गराइएको छ। त्यस्तै ४ वटा सञ्चार माध्यमलाई ध्यानाकर्षण गराइएको काउन्सिल जनाएको छ।

दल तथा उम्मेदवारका बारेमा सूचना तथा समाचार सम्प्रेषण गर्दा विशेष ध्यान पुर्‍याउनु सञ्चार माध्यमको कर्तव्य भएकाले गलत समाचार, दुष्प्रचार र घृणास्पद अभिव्यक्तिहरू सम्प्रेषण हुन नदिन, कसैको पक्ष वा विपक्ष हुनेगरी र राजनीतिक दल वा उम्मेदवारको प्रतिष्ठामा आँच पुर्‍याउनेगरी सामग्री सम्प्रेषण हुन नदिनेतर्फ सजग रहन विज्ञप्तिमा भनिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/०१/१५**

यस कार्यालयमा मिति २०७७/०९/१६ मा दर्ता भएको **प्रा.लि. नं. (२५१७००)**को **गोदामचौर बङ्गुर व्यवसायी सेन्टर प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७९/०१/१५**

यस कार्यालयमा मिति २०७१/०१/१२ मा दर्ता भएको **प्रा.लि.नं. १२१८८८** को **पईुरेबल ब्युटी पार्लर कस्मेटिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०१/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१२/२८ मा दर्ता भएको **प्रा.लि.नं. २१२८९७** को **ईकाई माहाबौद्ध यातायात प्रा.लि.**को मिति २०७९/०१/१४ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०१/१५
यस कम्पनीको मिति २०७८/०५/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **रामलिला प्रिन्टिङ्ग प्रेस प्रा.लि. (प्रा.लि. नं. २०४९४८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **गुडलक रियल इस्टेट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/०१/१५**

यस कार्यालयमा मिति २०७५/०९/२७ मा दर्ता भएको **प्रा.लि. नं. २०६४५९** को **ए.एस. एण्ड खड्का कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०१/१५
यस कम्पनीको मिति २०७८/१२/२६ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम साबिक कम्पनी **ट्रेक दि अन्नपुर्ण प्रा.लि. (प्रा.लि. नं. १४१८३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०१/११ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ट्रेक होपर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कुवेतमा रोजगार** | **Company : AL HOMAIZI FOOD STUFF CO. City : KUWAIT**

पूर्व स्वीकृत मितिः २०७८/१२/२८ चलानी नं.: ६०१७७७४९ **LT. No.: 261500** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Delivery Driver (Light Driver) | 50 | 0 | स. काममा दक्ष | 160 | ६३,५८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Team Member | 100 | 50 | | 160 | ६३,५८० | | | | | | | |

**अन्तर्वार्ता खुकुरी होटल, इटहरी, सुनसरीमा २०७९ बैशाख २२ र २३ गते (5 & 6 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.** श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
रातोपुल, काठमाडौ, नेपाल, फोनः ४४६९३७२, ४४६१०७७, मो.: ९८४९१७०६०२, ९८०३०३०१११
9818577445, 9816323125

Local Government
## Indrawati Rural Municipality
### Office of the Rural Municipal Executive
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

**INTENTION TO AWARD**

**Date of Publication: 2079/01/15**

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp and ‘Himalaya’ National Daily dated 2078/11/20.

| S. N. | Contract No | Name of Work | Name and Address of Bidder | Bid Price (including VAT and PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/NCB/ 078/079-08 | Construction Works of Boundry and Landscaping of IRM Building | M/S Nirmal Construction Clean Services Pvt.Ltd Kalanki Kathmandu. | NRs. 54,97,556.85 |

**Chief Administrative Officer**

## Ghyanglekh Rural Municipality
### Office of Rural Municipal Executives
Hayutar, Sindhuli

**Invitation for Bids**

**First Date of publication : 2079/01/15 (28 April, 2022)**

1. **Ghyanglekh Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the **"Construction of Administrative Building of Ghyanglekh Rural Municipality"** under Single-Stage : Two-Envelope National Competitive Bidding procedure. The estimated amount is Rs.7,19,02,280.71 (including VAT)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,.** Bidders, submitting their bid electronically, should deposit the cost of Nrs. 5000 for bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   ***Name of the Bank : Nepal SBI Bank Ltd***
   ***Name of Office : Ghyanglekh Rural Municipality***
   ***Office Account no. (Dharauti Account) : 43325240600016 for Bid security***
   ***Rajaswa (revenue) Account No. : 43395241207004 for Bid Document fee***
4. Pre-bid meeting shall be held at Ghyanglekh Rural Municipality, Hayutar, Sindhuli at **13:00 noon on 2079/02/08 (2022-05-22)**
5. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 noon on 2079/02/17.** Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 pm 2079/02/17** at the office of **Ghyanglekh Rural Municipality, Hayutar, Sindhuli.** Bids must be valid for a period of 30 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **18,00,000 (Eighteen Lakhs)** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The name and identification of the contracts are as follows:

| S. N. | Contract Identification No. | Brief Description of Works | Estimated Amount (Including VAT) (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|
| 1. | GHRM/Sindhuli/ Works/NCB/9/ 078/079 | Construction of Administrative Building for Ghyanglekh Rural Municipality | EA- 7,19,02,280.71 AACT- 7,50,00,000 Similar size and Nature- 4,50,00,000 | 18,00,000 | 5,0000 (Non-Refundable) |

**Note**
1. **EA - Estimated Amount**
2. **AACT - Average Annual Construction Turnover**

**Chief Administrative Officer**

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्सियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यही सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने अवको हुनाले ढिला नगर्नुहोस् ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.







तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

**कतारमा रोजगार** | १. कम्पनी: **AQUA PEARL LAUNDRY** शहर : **Doha**

पूर्व स्वीकृत मितिः २०७९/०१/१४ चलानी नं.: ६०१७८६५४ **LT. No.:262387**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख २२ गते (5 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोनः ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

मध्यान्ह
www.madhyanhadaily.com
१५ वैशाख २०७९, बिहीबार
28 April 2022, Thursday

## सम्पादकीय

### मतदाताको अपमान !

आइतबार र सोमबार मनोनयन दर्ता गराएका उम्मेद्वारहरूको ध्यान यतिबेला स्थानीय चुनाव जितेर जनप्रतिनिधि बन्नेतिर तानिएको छ । जनप्रतिनिधि बन्न दलगत बाहेक स्वतन्त्र उम्मेद्वारी समेत उल्लेख्य हुनुले जनप्रतिनिधिको आकर्षण बुझाउँछ । यसपटक ठूलो संख्यामा स्वतन्त्र उम्मेद्वारी परेको छ । स्वतन्त्र उम्मेद्वारको संख्याले स्थानीय चुनावलाई अर्थपूर्ण बनाएको छ । किनकि मुलुकले अपनाएको बहुदलीय लोकतन्त्रमा दलहरूबाट परेको उम्मेद्वारकै जित्ने सम्भावना हुन्छ । दलगत रूपमा भने यसपटक सवैभन्दा बढी प्रमुख विपक्षी दल नेकपा एमालेबाट परेको छ । त्यसपछि नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायत दलहरूबाट उम्मेद्वारी दर्ता भएको छ । यी उम्मेद्वारहरूको परीक्षा आउने ३० वैशाखमा हुनेछ । त्यसदिन हुने मतदानबाट जनताले आफ्नो प्रतिनिधि चयन गर्नेछन् ।

तसर्थ यसबेला यदि कसैको बढी क्रियाशीलता हुन्छ भने त्यो व्यक्ति उम्मेद्वार नै हो । मतदाताको मन रिझाउन बिगतको समीक्षादेखि भविष्यको सपना समेत उम्मेद्वारहरूबाट बाँडिने निश्चित छ । स्वतन्त्र उम्मेद्वारी दिएकाहरूले व्यक्तिगत पहलकदमी र प्रतिबद्धता जनाउँनेछन् । तर दलगत उम्मेद्वारी दिएकाहरूले भने आफ्नो पार्टीले विगतमा गरेको काम, वर्तमान अवस्था र भविष्यको प्रतिबद्धता जनाउँनेछन् । स्थानीय जनप्रतिनिधिले स्थानीय मुद्दा समेत जोड्नेछन् । तर मूलरूपमा भने पार्टी केन्द्रको एजेण्डा नै हाबी हुनेछ । त्यसका लागि दलहरूले घोषणापत्र सार्वजनिक गरेका छन् । नेकपा माओवादी केन्द्रले घोषणापत्र निर्माण गर्ने अधिकार र दायित्व स्थानीय कमिटीलाई नै दिएको छ । तर अन्य दलहरूले भने संघबाट घोषणापत्र सार्वजनिक गरेका छन् ।

त्यही घोषणापत्रका आधारमा ती दलका उम्मेद्वार हरूले मतदाताको मन रिझाउने प्रयास गरिरहेका छन् । घोषणापत्रलाई लिएर प्रमुख दल नेकपा एमाले र नेपाली कांग्रेसबीच आरोप-प्रत्यारोप नै चलेको छ । एमालेका नेताहरूले घोषणापत्रमा कांग्रेसले गैराजनीतिक शब्द प्रयोग गरेको आरोप लगाएको छ । त्यसको खण्डनमा एमाले अध्यक्ष केपी शर्मा ओलीको अभिव्यक्तिका कारण दुई दलका नेताहरू आरोप-प्रत्यारोपमा उत्रिएका हुन् । यसले दलहरूको घोषणापत्रमा समेटिएको अन्तर्वस्तु बुझ्न समेत सहयोग पुगेको छ । किनकि कांग्रेसको मात्रै नभएर अन्य दलका घोषणापत्रमा अन्य दललाई गम्भीर आरोप लगाइएको छ । एमालेकै घोषणापत्रमा पनि गठबन्धन सरकारलाई 'विदेशी बचनवद्धताप्रति प्रतिबद्ध'को आरोप लगाइएको छ । जबकी चुनावमा दलहरूले मतदाताको हितबारे प्रतिबद्धता जनाइनुपर्ने हो । राजनीतिक प्रतिबद्धता जनाइनुपर्ने हो । तर त्यस्तो नहुनु भनेको मतदाताकै अपमान पनि हो । दलीय लोकतन्त्रप्रतिको वितृष्णा हो ।

# स्थानीय निर्वाचन र राजनीतिक एजेण्डा

*मुलुकमा सुशासन होला र देशभित्रै रोजीरोटी र आयआर्जनका मार्गहरू खुल्लान् भन्ने आशालाई अपवादलाई छाडेर संघीय सरकारको असक्षमतालाई आदर्श ठान्ने प्रदेश र स्थानीय तहका ७६० सरकारको कार्यशैलीको निर्मम समीक्षा र अनाचारीहरू दण्डित नभएको अवस्था छ । जतासुकै भ्रष्टाचार अनैतिकता र कुशासन र बिचौलियाको बिगबिगी छ ।*

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

नेपालको संविधान, २०७२ अन्तर्गत स्थापित स्थानीय तहका जनप्रतिनिधिहरूको पहिलो कार्यकाल समाप्त हुँदैछ। संविधानतः पहिलो कार्यकाल समाप्त भएको कारण सरकारले आगामी वैशाख ३० गते नयाँ जनप्रतिनिधिहरूको छनोट गर्न स्थानीय तहको निर्वाचन आव्हान गरेको छ। वैशाख ३० का लागि आव्हान गरिएको निर्वाचनको तयारी अहिले चलिरहेको छ। मनोनयन दर्ता गराएका उम्मेदवारहरु घरदैलौ अभियानमा जुटिसकेका छन्। दलहरुले निर्वाचनका लागि आ-आफ्ना ढंगले तयारी गरिरहेका छन्। तर, पहिलो कार्यकाल सकिएर दोस्रो कार्यकालका लागि निर्वाचनको आव्हान हुँदै गर्दा पहिलो कार्यकालको भने समीक्षा हुने सकेको छैन । यहाँ स्थानीय सरकारको पहिलो कार्यकालको विषयमा संक्षिप्त समीक्षा गर्ने प्रर्यत्न गरिएको छ ।



### समीक्षा खोइ ?

पहिलो कार्यकालमा संघीय सरकारको ऐनकानून निर्माण तथा सत्ता हस्तान्तरणको ढिलासुस्ती तथा आनाकानी र संघीय मर्म विपरितका कार्यको चपेटामा परेका स्थानीय तहहरूले केन्द्रीय राजनीतिक नेतृत्वको बदमासीविरुद्ध बोल्न सकेनन् । केन्द्रीय नेतृत्वको असक्षमताको भूमरीमा समस्त स्थानीय तह र प्रादेशिक तह परेको कुरा घामझैं छर्लङ्ग छ। संविधानमा लेखिए पनि एकातिर राजनीतिक नेतृत्वको असहयोग तथा अर्कोतिर जनशक्ति व्यवस्थापन र खटनपटनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दादागिरी र अपारदर्शी व्यवहारका बीचमा जनप्रतिनिधिहरूको पाँच वर्षको कार्यकाल तनाव तथा अन्यौलतामा बित्यो ।

विभिन्न जाति, भाषा भाषी, संस्कृति र जनताका बीचमा सामाजिक सदभाव कायम गर्ने, राष्ट्रिय एकतालाई बलियो बनाउने, देशमा दिगो शान्ति स्थापना गर्ने नेपालको लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने, आफ्ना राजनीतिक नारा, मुद्दा तथा प्रतिवद्धताहरू पूरा गर्ने सक्षम, परिपक्व पार्टीहरूको खोजी हुन सकेन । संवैधानिक प्रावधानका अभ्यासगत उपलब्धि तथा कमी-कमजोरीहरूलाई निर्ममतापूर्वक समीक्षा गरी राजनीतिक एजेन्डा बनाउनु तथा नेपाली जनतालाई ती विषयमा साझा अभिमत साथ अगाडि बढ्न दिनु सही र उचित प्रजातान्त्रिक वातावरण हुन्छ । तर नेपालका राजनीतिक दलहरू यी पक्षमा नराम्ररी चुकेका छन् ।

यसर्थ, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय विविधता भएका स्थानीय तहहरूमा यी विद्यमान राजनीतिक पार्टीहरूले कसरी न्यायिक नेतृत्व दिन र जनताका जीवनसित सम्बद्ध मुद्दाहरू कसरी उठाउन सक्लान् ? आशंका धेरै छ। तसर्थ, ७६१ सरकारको नै निष्पक्ष रूपमा समीक्षा हुनु पर्दछ। त्यसका आधारमा मात्र निर्वाचनमा मतदान आवश्यक देखिन्छ ।

### स्थानीय तहको शासकीय महत्व के हो ?

सार्वजनिक सेवा प्रवाह र सुशासनका लागि चुस्त, दुरुस्त, प्रभावकारी कार्यालय, पदाधिकारीको कार्यविवरण, काम, कर्तव्य र अधिकार स्पष्ट र जवाफदेहिता खुलेको निकाय स्थानीय तह हुनु पर्दछ। यसर्थ, नागरिक बडापत्र, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी, सार्वजनिक सुनुवाइ, वार्षिक समीक्षा, संगठनभित्रको खर्च विधि, प्रक्रिया र खर्चका शीर्षक र कार्यसम्पादन विवरण सार्वजनिक हुनु मुख्य शर्त हुन्छ। जिल्लाभित्र संघीय, प्रादेशिक र स्थानीय तहबाट हुने कार्यसम्पादनमा सबै विवरण सार्वजनिक गर्न, गराउन संस्थागत मापदण्डका लागि स्थानीय तहको अभिभावकत्व जनताले खोजी रहेका हुन्छन् ।

